# दार्मा गाउँपालिका,  गाउँसभाको १३ औं अधिवेशनमा अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूद्धारा प्रस्तुत

# आर्थिक बर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

गाउँसभाका सदस्यज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि गठीत दार्मा गाउँपालिकाको गाउँसभाको १३ औँ अधिवेशन तथा दोस्रो स्थानीय तह सदस्य निर्वाचनपछिको तेस्रो अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु ।

१. यस अवसरमा नेपालमा प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि दश बर्षे जनयुद्द तथा विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनुभएका वेपत्ता नागरीकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. यस गरिमामय १३ औँ अधिवेशन समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि  गाउँपालिकाले विगत ६ बर्षमा प्राप्त गरेका उपलव्धिहरुको छोटकरीमा स्मरण गर्न चाहन्छु ।

क) यस अवधिमा गाउँपालिकाको केन्द्र  फारुलाचौर सम्म सहज रुपमा सवारी साधन चल्ने गरी सडकको स्तरउन्नती भएको छ भने बाङ्गेलाखुरी फारुलाचौर खण्डको दार्मा खोलामा मोटरेवल पुल निर्माण भई संचालनमा आएको छ ।

ख) छ वटै वडाका वडाकेन्द्र देखी पालिका केन्द्र जोड्ने बाटोहरु स्तरउन्नती भएका छन भने दार्मा गाउँपालिकाका प्रायश: बस्तीहरुलाई कृषि सडकले जोड्न सफल भएको छ ।

ग) दार्मा गाउँपालिकाको प्रशासनीक भवन निर्माणको काम अन्तिम चरणमा रहेको छ । वडा नं ४ को रातामाटामा १५ शैय्याको पालिका अस्पताल निर्माण चरणमा रहेको छ  भने वडा नं ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई हस्तान्तरण भईसकेको छ ।

घ) विगत ६ बर्षमा २७ वटा विद्यालयका पक्की भवन, ७ वटा आवासीय भवन, १६ वटा सहकारी तथा सामुदायीक भवन, १३२ घर खरको छानामुक्त, १ वटा वर्थिङ सेन्टर तथा १ वटा आईसोलेसन भवन निर्माण भएका छन् ।

ङ) विभिन्न ८७ वटा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएको गरी आयोजना कार्यान्वयन अगाडी वढाईएको छ ।

च) हालसम्म १७ वटा लिफ्ट खानेपानी आयोजना तथा ८९५ वटा ग्राभिटी खानेपानी निर्माण भई संचालनमा छन् ।

छ) कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन साना ठूला गरी १७० सिंचाई आयोजना निर्माणहरु भई संचालनमा आएका छन्।

ज) दार्मा उज्यालो अभियान अन्तरगत १४० किलोमिटर विद्युत लाईन विस्तार भई ३० प्रतिशत भू भागमा विद्युतिकरण भएको छ भने पूर्ण विद्युतिकरणको लागि काम अगाडि बढिसकेको छ।

झ) दार्मा ६ मा शहिदस्मृति रंगशाला, दार्मा १ मा पुरानीकोटमा पार्क तथा विभिन्न स्थानमा खेलकुद मैदान तथा पिकनिक स्पटहरु निर्माण भएका छन्।

ञ) दार्मा गाउँपालिकालाई दुग्ध पकेट क्षेत्र घोषणा गरी किसानलाई प्रतिलिटर दुधमा दुई रुपैया पचास पैसा अनुदान दिईएको छ।

ट) विद्यालयहरुमा स्थानीय पाठ्यक्रम (१-५) लागू गरिएको छ। ७८ जना स्वंमसेवक शिक्षक छनौट गरी परिचालन गरिएको छ।

ठ) दार्मा गाउँपालिका अन्तरगत माद्यामिक तथा आधारभुत तहसम्म संचालित सम्पूर्ण विद्यालयहरुमा ई – हाजिरी जडान गरियको छ।

ड) विद्यालयहरुमा ईन्टरनेट, ICT ल्याब, विज्ञान प्रयोगशाला तथा पुस्तकालयहरु निर्माण भई संचालनमा आएका छन् । १४ वटा विद्यालयहरुमा **पढ्नको लागि कोठा (Room TO Read)** कार्यक्रम संचालन भईरहेको छ।

ढ) लोक कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न दर्माली घाउटा पुस्तक प्रकाशन गरिएको छ। विभिन्न दर्जन बढी स्थानीय प्रतिभालाई अभिनन्दन गरिएको छ।

ण) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत दर्माली जनताले न्युनतम १०० दिनको रोजगारी प्राप्त गरेका छन्।

त) दार्मा गाउँपालिकाको डिजिटल प्रोफाईल तयार गरिएको छ। कार्यालयमा सेवाग्राही सहायता कक्ष, निशुल्क फोटोकपी सेवा, गुणासो सुनुवाई संयन्त्र निर्माण गरी जवाफदेहिता प्रवर्द्धनमा जोड दिईएको छ।

थ) विभिन्न कानूनहरु निर्माण भई राजपत्रमा प्रकाशन गरिएको छ।

द) सूचना प्रविधिको प्रयोग गरी कार्यसम्पादनलाई छिटो, छरितो र गुणस्तरीय बनाउन प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र गाउँपालिकामा ईन्टरनेट तथा ई-हाजिरी जडान गरिएको छ र कार्यालयका कामलाई सफ्टवेयर प्रणालीमार्फत व्यवस्थित गरिएको छ।

ध) गाउँपालिकाले MBBS डाक्टर , रेडियोग्राफर, ल्याव टेक्निसियन, व्यवस्था गरी नियमित एक्सरे सेवा, एम्वुलेन्स तथा आकस्मित स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

न) न्यायिक समिति सक्रिय भएर अधिकतम उजुरीहरु मेलमिलापको माध्यामबाट फछ्यौंट गरिएको छ। हरेक बर्ष न्यायीक समिति तथा मेलमिलापकर्ताहरुलाई न्यायधीस र न्यायधिवक्ताहरु मार्फत अधिमुखिकरण कार्यक्रम संचालन हुदै आएको छ।

ऩ) वन तथा वातावरणलाई जोगाउन हरित विकास नीति अख्तियार गरिएको छ । वातावरणीय अनुकूलन, जीविकोपार्जन, स्वास्थ्य सरसफाई र सामाजिक समावेशिकरणको क्षेत्रमा आशा परियोजना, आसमान नेपाल, रेडक्रस, दलित सेवा संघ, हेल्थ फर लाईफ, सुआहारा, स्वच्छता परियोजना लगायतका गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गरी काम गरिएको छ।

प) सल्यान जिल्लामा दार्मा गाउँपालिका मात्र कर्णाली पूर्वाधार सहयोग कार्यक्रम LISP को Pilot कार्यक्रममा छनौट भएको छ भने LISP सँगको साझेदारीमा केही ठूला आयोजनाहरु कन्जलुकेनी खानेपानी आयोजना निर्माण, झ्यारीबाङ सिंचाईकुलो, सेताढाँर फारुला सडक, मौलेखाली दार्माकोट सडक स्तरउन्नतीको भएको छ।

फ) मालीका, चिप्ले, मलिबाङ गुफा, अधैँरै तथा पुरानीकोट लगायतका पर्यटकीय क्षेत्रको विकासको लागि आवश्यक पूर्वाधारको निर्माण गरिएको छ। मालीका क्षेत्रमा मन्दीर, पदमार्ग, तथा प्रतिक्षालय निर्माण गरिएको छ।

ब) शहिदहरुको सम्झनामा दार्मा ३ फारुलामा शहिदस्मृति प्रवेशद्वार निर्माण गरिएको छ र प्रत्येक बर्ष शहिद परिवार सम्मान कार्यक्रम संचालन हुदै आएको छ।

भ) कार्यालयको कामलाई गुणस्तरीय र प्रभावकारी रुपमा संचालन गर्न लेखामा SUTRA तथा जिन्सी व्यवस्थापनको लागि PAMS, लागू गरिएको छ भने सार्वजनिक खरिद व्यवस्थापनमा E-bidding अनिवार्य गरिएको छ।

म) कर्मचारी प्रशासनलाई सक्षम, निश्पक्ष, र उत्तरदायी बनाउदै लगिएको छ। कर्मचारीमा दण्ड र पुरुस्कार प्रणाली लागू गरिएको छ।

य) संघीय सरकार तथा माथिल्लो निकायहरुबाट हुने स्थानीय निकाय मुल्यांकणहरु जस्तै LISA, र FRA मा उत्कृष्ट प्रदर्शन गर्न सफल भएको छ।

**गाउँभाका सदस्यज्यूहरु**

अव म आगामी आर्थिक बर्ष २०८०/०८१ को विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस बर्ष पनि गाउँपालिका नारा यथावथ **उत्पादनमा वृद्धि: दार्माको समृद्धि** कायम गरियको छ।

१. आगामी आर्थिक बर्षमा केही ठूला सडक र खानेपानी तथा सरसफाईका आयोजनाहरु निर्माणको लागि विभिन्न संस्थाहरुसँग साझेदारी गरिने छ । नयाँ आयोजनाहरु निर्माण भन्दा मौजुदा आयोजनाहरुको मर्मत संभारलाई प्राथमिकता दिईने छ।

२. स -साना आयोजनाहरुको निर्माण र मर्मत संभारको लागि मर्मत संभार कोषको स्थापना गरिने छ।

## आर्थिक विकास

### कृषि तथा पशुपंक्षि विकास

३. गुणस्तरीय बिउबिजनमा गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ। रैथाने बाली बिउबिजन, नश्ल र कृषि तथा पशुपंक्षिजन्य जैविक विविधता संरक्षण तथा जैविक र प्राङ्गारिक मलको उत्पादन र उपयोगमा स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ

४. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्दि गरी क्रमश: आत्मनिर्भरता हासिल गरिनेछ। विउ विजन विरुवा जस्ता कृषि जन्य वस्तुहरु खरिद गर्दा स्थानीय उत्पादन खरिद गर्ने नीति लिईने छ।

५. कृषि क्षेत्रहरुको वर्गिकरण गरी जुन ठाउँमा जुन बाली उत्पादन उत्पादन हुन्छ सोही आधारमा विउ तथा विरुवाका वेर्नाहरुमा अनुदान दिईनेछ।

६. उत्पादनको बजारीकरणको लागि कृषि Apps (एप्सको) को Piloting कार्यक्रम विकास गरिने छ। वडा कार्यालय , सहकारी तथा कृषि शाखाको सहजिकरणमा कृषकले आफ्नो उत्पादन मुल्य सहित Apps मा राख्ने र बजारले आवश्यकताका आधारमा Apps बाटै खरिद गर्न सक्ने संयन्त्र बनाईने छ।

७. भू उपयोग ऐन तथा नियमावलीको कार्यान्वय गर्न कृषि र गैरकृषि जग्गाको बर्गिकरण गरिनेछ। कृषि उत्पादनले बजार नपाई उत्पादन ह्रास हुन नदिन कृषकको उत्पादन खरिद गर्न सहकारी लगायतका संयन्त्र परिचालन गरी बजारसम्म पुऱ्याउने व्यवस्था मिलाईने छ। यसको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वयमा कृषि उपज संकलन केन्द्रहरु तथा चिस्यान घर निर्मान गरीनेछ।

८. कृषिमा अनुदान दिने प्रणालीमा समसामयिक सुधार गर्दै **आवश्यकता र प्रतिफलमुखी** अनुदान प्रणाली लागू गरिनेछ**।** कृषि अनुदान सम्बन्धी एकिकृत नीति तथा कानून तर्जुमा गरी वास्तविक कृषकले अनुदान पाउने गरी व्यवस्था गरिनेछ।

९. कृषि औजार, बीउबिजन र मल वितरणमा अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ । बीउबिजन र मल वितरणका लागि निश्चित समयतालिका बनाई उपयुक्त समयमा उपयुक्त बीउबिजन तथा मलखात उपलव्ध गराउने गरी व्यवस्था मिलाईने छ ।

१०. उपयोगमा नआएको तथा बाझो जमिनमा कृषि खेती तथा भूमिको चक्लावन्दीलाई प्रोत्साहन गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र बैज्ञानिकीकरणको लागी कृषि यान्त्रिकरणलाई निरन्तरता दिनईनेछ ।

११. एक स्थानीय तह एक पशु विकास कार्यक्रम संचालनको संघ तथा प्रदेश सरकार तथा पशु अस्पताल सल्यान सँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

१२. वडास्तरका कृषि तथा पशु सेवाकेन्द्रलाई व्यवस्थित गराई आवश्यक औषधि, मलविउ तथा प्राविधिक जनशक्ति उपलव्ध गराईने छ ।

१३. गाउँपालिकामा हरेक कृषिक्षेत्रसम्म पुग्ने कृषि सडकहरुको स्तरउन्नती गरिनेछ । साना सिंचाई कुलो निर्माण गर्ने, जिर्ण भएका सिंचाई कुलो मर्मत गर्ने र संघ र प्रदेश सरकारसँगको सहयोगमा ठूला सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।

१४. गाउँपालिका भित्रका उत्कृष्ट किसानहरुलाई सम्मान गरिने छ । गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउन यस बर्ष कृषकलाई प्रतिलिटर दुधमा रु. ३ अनुदान दिईनेछ ।

१५. बाख्रा पकेट , बेसार पकेट, सुन्तला पकेट र आलु पकेट क्षेत्रलाई थप विस्तार गरी उत्पादनलाई बजारसम्म पुर्‍याउने र कृषकको उत्पादन खेर जान नदिन आवश्यक संयन्त्र बनाई काम गरिनेछ ।

१६. पशपंक्षिहरुमा रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारातमक सेवाहरु, प्रयोगशाला सेवा तथा महामारिजन्य रोगहरुको प्रभावकारी नियन्त्रणका कार्यहरु संचालन गरिनेछ ।

१७. पशु विकास र कृषकहरुको लागी घांसमा आधारित पशुपालनलाई विशेष प्रथामिकता दिईनेछ ।

**उद्यम विकास**

१८. गाउँपालिकालाई क्रमश: प्लाष्टिक र शिशामुक्त गाउँपालिका बनाईने छ । प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहन गर्दै फाईबर झोलाको प्रयोगलाई प्रोत्साहन गरिने छ । आयातित डिस्पोजल थाली , प्लेटलाई विस्थापन गर्ने गरी स्थानिय सालको पातको दुना टपरी उद्योग सञ्चालनमा सहयोग गरिने छ ।

१९. दार्मा गाउँपालिकामा अगरवत्ति उद्योग संचालनको लागि प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराइने छ ।

२०. कृषिमा आधारित उद्यम गर्न चाहाने उद्यमीलाई प्रोत्साहन गरिने छ । । वन तथा वनस्पतिजन्य स्थानीय स्रोतसाधन बाँस, निगालो, टिमुर, अमलालाई प्रशोधन गरी बजारीकरण गर्न सहयोग गरिने छ ।

२१. दलित समुदायमा पुख्र्यौली पेशाका रुपमा रहेको आरण व्यवसायलाई खलो प्रथाबाट मुक्त गर्नुका साथै रोजगारीमा जोड दिने गरी नगद ज्यालादारीमा रुपान्तरण गरी पेशालाई आधुनिकीकरण गर्न प्रोत्साहन गरिने छ ।

२२. दार्मा गाउँपालिकामा रहेका लघु, घरेलु तथा साना उद्योगहरुलाई गाउँपालिकास्तरमा दर्ता प्रक्रियामा ल्याईनेछ ।

**२३.** दैनिक रुपमा भान्सामा प्रयोग हुने मसला आयातलाई प्रतिस्थापन गर्न स्थानीय स्रोत साधन अदुवा, बेसार, टिमुर अलैंची, खुर्सानी र दालचिनी आदिको सदुपयोग गर्न प्रोत्साहन गरिने छ ।

२४. खर्च भएर नजाने समान खरिद गर्दा स्थानीय उत्पादनलाई प्राथमिकता दिईने छ ।

२५. निजि क्षेत्रसँगको सहकार्यमा प्रशोधित पिउने पानी को उद्योग स्थापना गर्न सहयोग गरिने छ

२६. यस बर्ष गाउँपालिको आर्थिक सर्वेक्षण, आर्थिक विकास योजना तयारी गरी वित्तिय साक्षरता कक्षा संचालन गरिने छ ।

२७. स्थानीय उद्योग वाणिज्य संघ संस्थासँग सहकार्य, स्थानीय लगानी संवाद वा भेला र उत्कृष्ट उद्यमीलाई सम्मान कार्यक्रम संचालन गरिने छ ।

**पर्यटन तथा संस्कृतिक विकास**

२८. दार्मा गाउँपालिकको वस्तुस्थिति झल्किने गरी पौराणीक स्थानीय सामाग्री तथा गाउँपालिकाको महत्वपूर्ण फोटोहरु संकलन गरी दार्माको चिनारी संग्रहालय स्थापना गरिने छ ।

२९. पर्यटन क्षेत्रको विकास र विस्तारको लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालीन गुरुयोजना तयार गरी बार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

३०. दार्माका महत्वपूर्ण पर्यटकीय स्थलहरु तथा संस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरिने छ ।

३१. दार्माको मौलिक कला संस्कृतीको संरक्षण र सम्बर्द्धन गरिनेछ । सिंगारु, पैसरी र मयुर जस्ता पुराना र लोप हुन लागेका नाचहरुको संरक्षण गरिनेछ ।

३२. संस्कृतिक नीतिको तर्जुमा गरी कार्यान्वयन गरिने छ स्थानीय कलाकर्मी , साहित्यकार, संगितकार , लगायतका श्रष्ठाहरुको सिर्जनालाई संरक्षण गर्दै श्रष्ठाहरुलाई सम्मान र अभिनन्दन गरिने छ । हरेका बर्ष विभिन्न विधाका श्रष्ठाहरुको भेटघाट र कला प्रदर्शनी कार्यक्रम आयोजना गर्न सहयोग गरिने छ ।

३३. कला र साहित्यको क्षेत्रमा खोज अनुसन्धान गरी लोप हुन लागेका कला , संगित साहित्यको प्रकाशन र प्रसारणमा सहयोग गरिने छ।

३४. दार्माको मौलिक कला झल्किने गरी दार्मा मौलिक संस्कृतिको भिडियो डकुमेन्ट्री बनाईने छ।

## श्रम रोजगारी र गरिबि निवारण

३५. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई कृषि र घरेलु उद्योगसँग जोडिने छ । गाउँपालिकाबाट सिर्जना हुने रोजगारीमा रोजगारी नभएको घर, शहिद परिवार, जनयुद्दको घाईते तथा अपाङ्ग परिवार र आर्थिक रुपले विपन्न गरिब र दलित परिवारलाई पहिलो प्राथमिकता दिईने छ।

३६. गाउँपालिका भित्रका विकास निर्माणका काममा दार्माको जनशक्ती र श्रमको प्रयोग गरिनेछ।

३७. उपभोक्ता समितिबाट हुने काममा ठूला मेसिनको प्रयोग निरुत्साहित गरिनेछ र सम्बन्धित उपभोक्ताहरुले नै रोजगारी पाउने गरी काम गर्ने व्यवस्था मिलाईने छ।

३८. वैदेशिक रोजगारीमा गई फर्केका र सिकेको सिपको प्रयोग गर्दै व्यवसाय गर्न चाहने युवालाई प्रविधि, सामाग्री र आर्थिक सहयोग प्रदान गरिने छ।

३९. युवा तथा नयाँ उद्यम गर्न चाहने उद्यमीलाई क्षमता विकास, प्रविधिमा सहयोग र वित्तीय सहयोग उपलव्ध गराईने छ।

## सामाजिक विकास

### शिक्षा विकास युवा तथा खेलकुद र नवप्रवर्तन

४०. दार्मा गाउँपालिकामा गुणस्तरीय शिक्षण सिकाईको वातावरण निर्माण गर्न सबै सामुदायिक विद्यालयहरुमा विषयगतरुपमा शैक्षिक सामाग्रि व्यवस्थापनका लागि आवश्यक स्रोत उपलव्ध गराईने छ।

४१. विद्यार्थी संख्या र भूगोलका आधारमा सामुदायिक विद्यालको मुल्यांकन गरी शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनको कार्य अगाडि बढाईने छ।

४२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको लागि क्षमता विकास तालिम संचालन गरिनेछ।

४३. विद्यालयको आवश्यकता र गाउँपालिकाको राजश्व क्षमताको आधारमा स्वंमसेवक शिक्षक, बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापन गरिने छ।

४४. दार्मा गाउँलिकाको सबै माद्यामिक विद्यालयहरुमा क्रमश; विद्यालय अ.न.मी को व्यवस्था गरिने छ ।

४५. शिक्षकहरुलाई माग र आवश्यकताको आधारमा पद मिलान गरी दार्मागाउँपालिका भित्र काज सरुवा गर्ने व्यवस्था मिलाईने छ ।

४६. प्रधानध्यापक छनौटको निश्चित मापदण्ड बनाई योग्य र कुशल नेतृत्व गर्न सक्ने शिक्षकलाई विद्यालय नेतृत्वको जिम्मा दिईने छ ।

४७. लक्षित वर्ग, विपन्न तथा सामाजिक रुपले पछाडि परेका बालबालिकाहरुको पढाईलाई सुनिश्चित गर्न **बालबालिकासँग अध्यक्ष** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४८. जनयुद्धका शहिद, आर्थिक रुपले विपन्न, दलित, जनजाती तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई उनिहरुको अवसर र लागतलाई समेत दृष्टिगत गरी छात्रवृत्ति दिने व्यवस्था मिलाईने छ ।

४९. सामुदायिक विद्यालयमा ईन्टरनेट र प्रविधिको माध्यामबाट शिक्षण-सिकाई गर्न शिक्षकलाई प्रोत्साहित गरिने छ ।

५०. विद्यालय तहदेखी नै खेल प्रतिभाको विकास गर्न नियमित अतिरिक्त क्रियाकलापको लागि प्रोत्साहन तथा विद्यार्थिहरुलाई खेल सामाग्रि उपलव्ध गराईने छ ।

५१. गाउँपालिका स्तरमा राष्ट्रपति रनिङशिल्ड तथा शहिद स्मृति कप प्रतियोगितालाई निरन्तरता दिईने छ ।

५२. विद्यालको पूर्वाधार निर्माण, जिर्ण विद्यालयको मर्मत संभारलाई दिदै क्रमश: टिनको छानामुक्त विद्यालय निर्माण गरिने छ ।

५३. विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ ब्यवस्थापन, बाल पुस्तकालय तथा कक्षा पुस्तकालय सहित बालमैत्री पठन पाठनलाई जोड दिइनेछ । साथै रुम टु रिडसँगको सहकार्यमा संचालन भइरहेको साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४. गाउँपालिकामा एउटा नमुना विद्यालय घोषणा गरिनेछ ।

५५. शिक्षक, बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई आन्तरिक पर्यटक प्रवर्द्धनको लागि अवलोकण भ्रमण तथा नमूना विद्यालय अवलोकन कार्यक्रम संचालन गरिने छ ।

५६. गाउँपालिकामा शिक्षा सम्मेलन तथा शैक्षिक प्रर्दशनीको आयोजना गरिने छ। युवा प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम मार्फत युवालाई उत्पादन र रोजगारीमा लाग्न अभिप्रेरित गरिने छ।

५७. विद्यालय हातामा बाल बगैचा, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान, सरसफाईकिट तथा प्राथामिक उपचार बाकस अनिवार्य गरिने छ साथै छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गरिने छ।

५८. गाउँपालिकाको खेलक्षेत्रको विशिष्ट प्रतिभालाई राष्ट्रियस्तरसम्म पुर्याउन खेल प्रशिक्षक को व्यवस्था गरी प्रशिक्षण तथा खेलसामाग्रिको लागि सहयोग गरिने छ।

५९. वडास्तरीय खेलकुद तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ। र विशिष्ट खेल प्रतिभालाई सम्मान गरिने छ।

६०. बाहिरी जिल्ला तथा पालिकामा आयोजना हुने खेलकुद प्रतियोगितामा गाउँपालिकाबाट नियमित सहभागी हुने र खेलकुदमा सहभागी हुन जाने खेलाडिलाई आवश्यक सहयोग गरिने छ।

**स्वास्थ्य सेवा**

६१. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा गाउँबासीको पहुँचलाई सुनिश्चित गर्न प्रत्येक स्वास्थ्य संस्था, सामुदायिक स्वास्थ्य इकाई, र वर्थिङ सेन्टरहरुमा प्रयोगशाला , जनशक्ति र स्रोत साधनको प्रवन्ध मिलाईने छ। साथै स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमलाई प्राथमिकता दिईने छ।

६२. अतिअशक्त अपाङ्ग, असी बर्षमाथिका बृद्धबृद्धा, नियमित गर्भ जाँच गराउन जाने अशक्त महिला र सुत्केरीहरु, कडा रोग लागेका र नियमित डाक्टरको फ्लोअपमा जानुपर्ने विरामीको लागी निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराईने छ।

६३. वडामा रहेका खोप केन्द्र, स्वास्थ्य संस्था , सामुदायिक स्वास्थ्य इकाई केन्द्र र गाउँघर क्लिनिक हरुको सेवाको स्तर वृद्धि गरिने छ। स्वास्थ्यकर्मीहरु अनिवार्य रुपमा विद्यालयहरु तथा समुदायमा गरी **घुम्ती स्वास्थ्य सेवा** कार्यक्रम संचालन गरिने छ।

६४. बालबालिकालाई दिईने सबै खोपहरुलाई प्राथमिकता दिदै पूर्ण खोपको दिगो सुनिश्चितताको लागि कार्यक्रम संचालन गरिने छ।

६५. सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रवन्ध गरिने छ।

६६. न्युनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार , औषधि , औषधिजन्य सामाग्रि, औजार तथा उपकरणको यथोचित व्यवस्था गरिने छ।

६७. बैकल्पिक चिकित्सा पद्धतिको थप विकास गरी आयुर्वेद सेवालाई थप विस्तार गरीने छ। आयुर्वेदिक औषधिहरु निशुल्क रुपमा उपलव्ध गराउईने छ। योग, ध्यान र व्यायम लाई प्रवर्द्धन गरिने छ।

६८. स्वास्थ्य र सकरात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवादेखी नै व्यवस्थापन गरिने छ।

६९. स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिने छ।

७०. सामुदायिक, निजि तथा गैरसरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिने छ।

७१. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी सरल र सहज पहुँचको सुनिश्चितता गरिने छ।

७२. विभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपंक्षिजन्य रोग, कोरोना लगायतका महामारी तथा समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ।

७३. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थको सेवन, लागुपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन गरिने छ।

७४. महिला स्वास्थ्य स्वंमसेविकाको सेवालाई थप प्रभावकारी बनाई महिला स्वास्थ्य स्वंमसेविकालाई प्रदान गर्दै आएको प्रोत्साहन लाई निरन्तरता तथा दिर्घसेवा गरेका स्वास्थ्य स्वंमसेविकालाई प्रोत्साहन सहित सम्मानजनक विदाई गरिने छ।

७५. गर्भवती महिलालाई घुम्ती शिविर मार्फत निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिने छ।

**महिला बालबालिका सामाजिक संरक्षण र समावेशिकरण**

७६. दार्मा गाउँपालिका भित्र रहेका महिला समूह, समिति तथा सहकारीहरुमा आवद्ध महिलाहरुलाई सामुहिक व्यवसाय संचालनको लागि अनुदान दिईने छ । निश्क्रिय समुह समितिहरु पुनर्गठन गरी सक्रिय बनाईने छ ।

७७. टोल विकास संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

७८. हिंसा पिडित विपन्न वर्गका महिलाका लागि आर्थिक सहयोग तथा पिडितलाई न्यायको पहुँचमा पुर्याउन पहल गर्ने र सवै वस्ती तथा वडामा लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, विभिन्न कुरीति, कु संस्कार जस्ता विकृतिहरुलाई नियन्त्रण गर्न जनचेतनामुलक तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

७९. परिवारको हेरचाह नपाएको, अशक्त तथा काम गरी खान नसक्ने, विपन्न बर्गका एकल पुरुषलाई जिविकोपार्जनको लागि सहायता सामाग्रि उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ । ।

८०. दार्मा गाउँपालिका भित्र कुपोषण हटाई पोषण स्थितिमा सुधार ल्याउन सुनौलोहजारदिन भित्रका आमाहरुको तथ्यांक संकलन गरी पोषण झोला वितरण गरिने छ ।

८१. बालबिवाहका बहुआयामिक कारण र यसले पर्न जाने असरको बारेमा सचेतनामूलक कार्यक्रम संचालन गरी बालबिवाह मुक्त गाउँपालिका घोषणाको लागि आधार तयार गरिने छ ।

८२. अभिभावक विहिन, अतिविपन्न, टुहुरा तथा अनाथ बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याईने छ । विभन्न प्रकारले हुने बालश्रम शोषणको अन्त्य गर्दै बालश्रम मुक्त गाउँपालिकाको लागि आधार तयार गरिने छ । जोखिममा परेका बालबालिकालाई उद्दार तथा पुनर्स्थापना गरीने छ ।

८३. वालक्लव गठन संचालन तथा व्यवस्थापनमा सहजिकरण गरिनेछ । बालअधिकारको संरक्षण र प्रवर्द्धनमा बालक्लवहरुलाई परिचालन गरिनेछ ।

८४. लक्षित क्षेत्रको वजेट सोही क्षेत्रको लागि खर्च गर्न र दुरुपयोग हुनबाट रोक्न लक्षित क्षेत्रको बजेट कार्यान्वायन कार्यविधि तयार गरि लागु गरिने छ ।

८५. गरिब तथा अनाथ बालबालिकाको लागि निशुल्क शिक्षादिक्षा तथा पालनपोषणको व्यवस्था गरिने छ ।

**सामाजिक सुरक्षा तथा पंजिकरण**

८६. सामाजिक सुरक्षालाई लाभग्राहीको पायकपर्ने स्थानबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८७. जेष्ठनागरिकको लागि वडा स्तरीय घुम्ती स्वास्थ्य सेवा संचालन गरी स्वास्थ्य उपचार प्रदान गरिनेछ । घुम्ती सेवा मार्फत जेष्ठनागरिक परिचयपत्र प्रदान गरिने छ ।

८८. विपन्न नागरिक परिचयपत्र, गरिब परिचयपत्र वितरण तथा किसान परिचयपत्र वितरण सम्बन्धी राष्ट्रिय नीतिलाई प्रभावकारी कार्यान्वायन गर्दै गरिब तथा विपन्न नागरिकको अभिलेखीकरण गरिने छ ।

८९. जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिने छ । जेष्ठनागरिकको सिप तथा अनुभवको हस्तान्तरण सम्बन्धी कार्यक्रम गरिनेछ ।

९०. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, नक्साङ्कन र वर्गिकरण गरी व्यवस्थित अभिलेखिकरण गरिने छ । सार्वजनिक स्थल तथा संरचनालाई अपाङ्गमैत्री बनाईने छ ।

९१. विद्यालय छोडेर सपरिवार भारत जाने परिवार लक्षित कार्यक्रम संचालन गरिने छ ।

९२. जनयुद्दका घाईते तथा अपाङ्गकाको लागि आयमूलक कार्यक्रम सञ्चालन गरिने छ । व्यवसाय गर्न चाहनेको अपाङ्गलाई आवश्यक अनुदान उपलव्ध गराईने छ ।

**पूर्वाधार विकास**

सडक पुल तथा यातायात

९३. अत्यावश्यक बाहेक नयाँ सडक निर्माण भन्दा पुराना सडकहरुको स्तरउन्नतीको कामलाई प्राथमिकतामा राखिने छ ।

९४. नियमित सडक मर्मत संभारको लागि सडक मर्मत संभार समूह वनाइ परिचालन गरिने छ ।

९५. मौलोहाल्ने फारुला दार्माकोट नुवाकोट सडकलाई कालोपत्रे तथा बाङ्गेलाखुरी सेताढार फारुला सिलिङ्गी सडकलाई स्तरउन्नती गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिने छ ।

९६. दार्मा गाउँपालिकाको दिर्घकालीन विकासको पञ्चबर्षीय आवधिक योजना कार्यान्वायनमा ल्याईने छ । **आयोजना बैंक** निर्माण गरी सोही अनुरुप क्रमश योजनाहरु कार्यान्वायन गरिने छ ।

९७. दार्मा गाउँपालिका भित्रका ठुला आयोजनाहरु सञ्चालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन (EIA ), वातावरण प्रभाव परिक्षण (IEE) गरिनेछ ।

९८. गाउँपालिका केन्द्र देखी ६ बटै वडा कार्यालयमा जोड्ने सडकहरु क्रमश: बाह्रै महिना चल्ने गरी ग्राभेल, स्तरउन्नती गरिने छ ।

९९. **सडक पूर्वाधार, जीविकोपार्जनको आधार** कार्यक्रमलाई अगाडी बढाईने छ । साना तथा कृषि सडक निर्माण तथा स्तरउन्नती योजनामा स्थानीय श्रमशक्तिको प्रयोग गरी रोजगारी सिर्जना गरिनेछ ।

१००. विगत आ•व• का अधुरा योजनाहरुलाई पहिलो प्राथमिकतामा राखी सम्पन्न गरिने छ ।

१०१. मौलाहाल्ने फारुला सडक खण्डको दार्माखोलामा पक्कीपुल निर्माणको लागि प्रदेश सरकारसँग समन्वय गरिने छ । आवश्यक ठाउँमा आर.सी.सी. पुल तथा स्ल्याप पुलहरु निर्माण गरिने छ ।

१०२. दार्मा गाउँपालिकामा संचालनहुने यातायातलाई व्यवस्थित गर्न सार्वजनिक यातायाता संचालन कार्यविधि बनाई लागु गरिने छ ।

१०३. फारुला बजारक्षेत्रका भित्रि सडकमा पक्की नाली निर्माण तथा आर सि सि गर्ने कार्यलाई प्रथामिकताका साथ कार्यन्वयन गरिने छ ।

**खानेपानी तथा सरसफाई र सिंचाई**

१०४. यस बर्ष प्रत्येक वडामा एक/एक वटा खानेपानीका ठूला आयोजनाहरु निर्माण गरिने छ । खानेपानीका स-साना आयोजनाहरुको निर्माण भन्दा भएका आयोजनाहरुको मर्मत संभारमा ध्यान दिईनेछ ।

१०५. खानेपानीको मुहान संरक्षणलाई बिशेष प्राथमिकता दिईने छ । खानेपानीको चरम अभाव भएका ठाउँहरुमा खानेपानीका नयाँ आयोजना संचालन गरिने छ ।

१०६. हाल संचालनमा रहेका खानेपानी तथा लिफ्ट खानेपानी आयोजनाहरुको मर्मत संभारमा ध्यान दिदै संघ र प्रदेश सरकारसँग समन्वयमा ठुला सिंचाई आयोजना निर्मान गरिने छ । आवश्यक ठाउँमा साना पक्की सिंचाई कुलो निर्माण तथा जिर्ण भई संचालनमा आउन नसकेका सिंचाईकुलोको मर्मतसंभार गरी संचालनमा ल्याईने छ ।

१०७. लिफ्ट खानेपानीको मोटर, इन्भर्टर र सोलार मर्मत गर्दा उपभोक्ताले ५० प्रतिशत वेहोर्ने र बाँकी ५० प्रतिशत गाउँपालिकाले व्यहोर्ने गरी ५० प्रतिशत अनुदानमा मर्मत कार्य गरिने छ ।

१०८. सोलारबाट चल्ने लिफ्ट खानेपानी दिगो नहुने र खर्चिलो समेत हुने हुँदा विद्युतबाट चल्ने लिफ्ट खानेपानीको निर्माणमा ध्यान दिदै क्रमश सोलार बाट चलेका लिफ्ट लाई विद्युतबाट संचालन हुने गरी रुपान्तरण गरिने छ ।

१०९. पानीको स्रोतभन्दा माथि रहेका खेतियोग्य जमिनमा सिंचाई पुर्याउन लिफ्टद्धारा पानी संकलन गरी थोपा सिंचाई तथा फोहोरा सिंचाई संचालन गरिने छ ।सुख्खा ग्रस्त क्षेत्रका उत्पादनशील भूमीहरुमा प्लाष्टिक पोखरी, आकासेपानी संकलन, रिचार्ज पोखरी  निर्माण गरीने छ ।

११०. खोलाको कटानको जोखिम नियन्त्रण गर्न दिगो तटबन्धन कार्यक्रम लाई निरन्तरता दिईने छ । नर्सरी व्यवसाय गर्न चाहने व्यवसायीलाई अनुदान दिईने छ ।

**उर्जा तथा विद्युत**

१११. संघ सरकारसँगको समन्वयमा गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्ने कामलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

११२. ढलेका पोलहरुको मर्मत संभार तथा विद्युतमा आउने समस्याको समाधान गर्न मर्मत संभारको कामलाई प्राथमिकताका साथ अगाडि बढाउने छ ।

११३. गाउँपालिकाको बजारक्षेत्रमा सडक वत्ति जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**भवन तथा आवास**

११४. गाउँपालिका क्षेत्रमा नीजि, सामुदायीक, व्यापारिक भवन निर्माण गर्दा नक्सा पास गर्ने प्रावधानलाई कडाईकासाथ लागु गरिने छ ।

११५. निर्माणाधीन १५ सैयाको आधारभूत अस्पताल र प्रशासकीय भवन तोकिएको समयमै सम्पन्न गर्न पहल गरिने छ ।

११६. यस बर्ष वडा नं १ को वडा कार्यालय भवन निर्माणको काम अगाडि बढाईने छ । अन्य वडा कार्यालयहरुका भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।

११७. विद्यालयका भवन निर्माण गरी क्रमश टिनको छानामुक्त विद्यालय  वनाईने कार्यक्रम अगाडि बढाईने छ ।

११८. राष्ट्रपति शैक्षिक सुधारका अधुरा भवन निर्माणको काम पुरा गरिने छ । दार्मा गाउँपालिका भित्रका विद्यालय भवनहरुमा उपयुक्त कलर कोड लगाईने छ ।

११९. नमुना बस्ति विकास , जनता आवास, विपन्न आवास तथा खरको छानामुक्त घर कार्यक्रमलाई निरन्तरता दिईने छ । गरिब तथा असहयालाई जस्ता पाता वितरण गरी क्रमश खरको छानामुक्त गाउँपालिका बनाईने छ।

**सूचना संचार तथा प्रविधि**

१२०. दार्मा गाउँपालिकाको फारुला बजार तथा वडा नं १ को भदालेखोला लगायतका ठाउँहरुमा फोनको समस्यालाई समाधान गर्न आवश्यक समन्वय गरिने छ।

१२१. दार्मा गाउँपालिकाको विभिन्न गतिविधिको प्रशारण तथा सूचना प्रवाह गर्न विभिन्न पत्रपत्रिका, रेडियो तथा अन्य संचारमाध्यमसँग सहकार्य गरिने छ।

**अन्य संस्थासँगको सहकार्य**

१२२. विकास साझेदार तथा संघ संस्थाको साझेदारीमा योजना तथा कार्यक्रमहरु कार्यान्वायन गरिने छन् ।

१२३. संघ तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति , आशा परियोजना , आसमान नेपाल, रेडक्रस, दलित विकास समाज , हेल्थ फर लाईफ, सुआहारा , स्वच्छता परियोजना, कर्णाली पूर्वाधार सहयोग कार्यक्रम, खानेपानी तथा सरसफाई परियोजना जस्ता निकाय तथा साझेदारहरुले सम्पन्न गरेका योजना तथा कार्यक्रमलाई गाउँपालिकाले स्वामित्व लिनेछ।

१२४. यस बर्ष कर्णाली पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा महत्वपूर्ण सडक तथा सिंचाईकुलो मर्मत तथा कृषि पकेट क्षेत्रका कार्यक्रमहरु संचालन गरिने छ।

१२५. LISP सँगको साझेदारीमा निर्माण गरिने आयोजनामा सामाग्रिको खरिद बोलपत्रबाट हुने र श्रममात्र उपभोक्ता बाट गराई श्रमिकको ज्याला सिधै श्रमिकको खातामा जाने प्रणाली बाट काम गरिने छ। र यो प्रणाली गाउँपालिकाबाट कार्यान्वयन हुने अन्य आयोजनाहरुमा समेत लागु गरिने छ।

१२६. सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजना सँगको सहकार्यमा महत्वपूर्ण खानेपानी आयोजनाहरु तथा शौचालय निर्माणको काम गरिने छ।

१२७. बालविवाह, छुवाछुत लगायतका सामाजिक विकृति अन्त्यको लागी अभिमूखिकरण तथा सचेतीकरण कार्यक्रम संचालन गर्न नेपाल प्रहरीसँगको सहकार्यमा प्रहरी समुदाय साझेदारी कार्यक्रम संचालन गरिने छ।

**वन वातावरण पर्यटन तथा विपद व्यवस्थापन**

१२८.	वन जंगलको उचित संरक्षण र सम्बर्द्धन गर्ने गरी विकास निर्माणको काम गर्दा वन जंगल जोगाउने गरी **हरित विकास नीति** अबलम्बन गरिने छ।

१२९.	मालिकामा पर्यटन पूर्वाधारको स्तरउन्नती गरी आकर्षक पिकनिक स्पोर्ट तथा रिफ्रेस सेन्टर निर्माण गरी आन्तरिक पर्यटक पर्वद्धन गरिने छ।

१३०.	विपदको समयमा मानिसको जीवनलाई पहिलो प्राथमिकतामा राखी उद्दार तथा राहतको कार्यक्रम कार्यान्वायन गरिने छ।

**न्यायीक समिति र न्याय प्रशासन**

१३१.	न्यायीक समितिका कामलाई थप व्यवस्थित र प्रभावकारी बनाई न्यायमा सबैको सरल र सहज पहुँचको लागि आवश्यक प्रवन्ध गरिने छ।

१३२.	न्यायको पहुँचमा आउन नसक्ने गरिव,  विपन्न तथा असहाय वर्गका मानिसलाई न्यायको पहुँचमा ल्याउन आवश्यक आर्थिक तथा शशक्तिकरणका कार्यक्रम संचालन गरिने छ।

१३३.	न्यायिक समिति र न्याय प्रशासनलाई क्षमताबृद्धिका कार्यक्रम संचालन गरी न्यायिक कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाईने छ।

**क्षमता विकास र संस्थागत सुशासन**

१३४.	कार्यालमा हेल्प डेक्स, वडापत्र, गुणासो सुनुवाई, सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सुशासन प्रवर्द्धन गर्दै **समृद्ध दार्मा निर्माणमा टेवा:मुस्कान सहितको सेवा** कार्यक्रम संचालन गरिने छ।

१३५.	कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति पूर्ण उत्तरदायी बनाउदै तटस्थ, निश्पक्ष र प्रतिवद्ध भई कार्यसम्पादन गर्न क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।

१३६.	गाउँसभा सदस्य, विकास समितिहरुको भूमिका र जिम्मेवारी सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ।

१३७.	कर्मचारीलाई कामको आधारमा उचित मुल्यांकन गरिने छ। Right Man in Right Place को अवधारणालाई कार्यान्वायन गर्दै  **दण्ड र पुरस्कार प्रणाली** लागु गरिने छ।

१३८.	उत्कृष्ट प्रशासक, उत्कृष्ट शिक्षक, उत्कृष्ट स्वास्थ्यकर्मी र उत्कृष्ट प्राविधिक घोषणा गरी  बर्षको १ पटक सम्मान गरिने छ।

१३९.	आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वायन गरि प्रशासनिक खर्च घटाउदै लगिने छ।

१४०. यस बर्ष अत्यावश्यक बाहेक नयाँ सवारीसाधन खरिद गरिने छैन । थप बाईक मर्मत र इन्धन सुविधा उपलव्ध गराईने छैन ।

१४१. बर्षको सुरुमा सम्पूर्ण बाईकहरु एकमुष्ट मर्मत गरी जनप्रतिनिधि र कर्मचारीहरुलाई हस्तान्तरण गरिने छ । र जसले सवारीसाधन प्रयोग गर्दछ उसैले मर्मत गर्ने र इन्धन व्यहोर्ने नीति लिईने छ ।

१४२. कर्मचारीलाई योग्यता र क्षमताको आधारमा रोजेको ठाउँमा जान पाउने गरी गाउँपालिका भित्र आन्तरिक सरुवा प्रणाली व्यवस्थित गरिने छ ।

१४३. बढ्दो मुल्यवृद्धि र गाउँपालिकाको राजश्व क्षमता समेत लाई मध्यनजर गरी गाउँपालिकाको थप आर्थिक भार पर्ने गरी थप स्वंमसेवक शिक्षक, करार तथा ज्यालादारी कर्मचारी भर्ना गरिने छैन ।

१४४. घट्दो संघीय तथा प्रदेश अनुदान तथा गाउँपालिकाको न्युन राजश्व क्षमतालाई ध्यानमा राखी गाउँपालिकाका करार कर्मचारी, स्वंमसेवक शिक्षक तथा विद्यालय कर्मचारी तथा विद्यालय अनमीहरुको तलव समायोजन गरिने छ ।

१४५. हालसम्म काम गर्दै आएका स्वंमसेवक शिक्षक, बालविकास तथा विद्यालय कर्मचारी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई यस बर्ष निरन्तरता दिईनेछ ।

१४६. हालसम्म दैनिक ज्यालादारीमा काम गर्दै आएका गाउँपालिका कार्यालयका ज्यालदारी कर्मचारीहरुलाई एकपटकको लागि मासिक करार सम्झौता गरिने छ ।

१४७. **गाउँसभाका सदस्यज्यूहरु**

१४८. कामलाई उत्पादन र उत्पादन लाई रोजगारीसँग जोडेर दार्मा गाउँपालिकालाई समृद्ध बनाउने अठोटका साथ आ• व २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वायनबाट दार्माबासिको जिवनस्तरमा सुधार आई **उत्पादन वृद्धि:दार्माको समद्धि** भन्ने आकांक्षा पुरा गर्न योगदान पुग्नेछ ।

१४९. नीति तथा कार्यक्रमको कार्यान्वायनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

१५०. अन्त्यमा, दार्मा गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र, विकास साझेदार, श्रमिक वर्ग, नागरिक समाज, आमसंचारजतग लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।धन्यवाद!